# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, जेठ ९ गते २०६५ साल (अतिरिक्ताङ्क ४(ख)

## भाग ५

### नेपाल सरकार
### गृह मन्त्रालयको सूचना

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं जिल्लाको कोटेश्वर निवासी रामहरी श्रेष्ठलाई माओवादीका कार्यकर्ताहरूले अपहरण गरी चितवनको शक्तिखोर माओवादी शिविरमा लगी हत्या गरिएको भन्ने सम्बन्धमा जाँचबुझ गरी सिफारिश सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिम तीन सदस्यीय जाँचबुझ आयोग गठन गरी उक्त आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यावधि देहाय बमोजिम तोकेको छ :-

१. आयोगको गठन : आयोगको गठन विधि देहाय बमोजिम हुनेछ :-

क) पूर्व-न्यायाधिश श्री राजेन्द्रकुमार भण्डारी, सर्वोच्च अदालत - अध्यक्ष
ख) प्रहरी अतिरिक्त महानिरिक्षक श्री अमरसिंह शाह - सदस्य
ग) सह-न्यायाधिवक्ता श्री सरोजप्रसाद गौतम - सदस्य

२. आयोगको काम, कर्तव्य र अधिकार : आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

107

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काठमाडौं जिल्लाको कोटेश्वर निवासी रामहरी श्रेष्ठलाई माओवादी कार्यकर्ताहरूले अपहरण गरी चितवनको शक्तिखोर माओवादी शिविरमा लगी हत्या गरेको सम्बन्धमा घटनाको कारण, घटनामा संलग्न व्यक्तिहरूका सम्बन्धमा न्यायिक जाँचबुझ गरी सत्यतथ्य पत्ता लगाई दोषी उपर कारवाही र पीडित पक्षलाई उचित राहत उपलब्ध गराउने सम्बन्धमा सिफारिश सहितको प्रतिवेदन पेश गर्ने ।

३. आयोगको कार्यावधि : आयोगको कार्यावधि काम शुरु गरेको मितिले १५ (पन्ध्र) दिन हुनेछ ।

आज्ञाले,
उमेशप्रसाद मैनाली
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।–
गो.हु.द.नं. १६।२०६२।६३

108

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।